
# ऊर्जा दक्षताको निमित्त लेवल

**ऊर्जा सम्बन्धि लेवलले सही उपकरण छनौट गर्न मद्दत पुर्‍याउँछ ।**

तल उल्लेख गरिए अनुरूप उपकरणलाई कति विद्युत ऊर्जा आवश्यक हुन्छ भन्ने कुरा लेवलमा तत्कालै हेर्न सकिन्छ । उदाहरणकोलागि भारतीय ऊर्जा लेवल प्रस्तुत छ :

उपकरणको वाहिर टाँसिएको लेवलमा रंगिन ताराहरू (जति बढी ताराको संख्या त्यतिनै प्रभावकारी उपकरण)




विद्युत खपत-किलोवाट घण्टा-(युनिट) हेरेर ।

जति कम युनिट उठ्छ त्यति कम उर्जा खपत र सोहि अनुसारको सानो बिजुलीको बिल !

उपकरण सम्वन्धि विवरण, ब्रान्ड, हेरेर । मोडेल र उत्पादन भएको वर्ष

लेवल टाँस भएको हेरेर । यसले गुणस्तर मापदण्ड पुरा गरेको आधिकारिकता प्रमाणित गर्दछ ।


## विभिन्न देशमा प्रयोगमा रहको लेबलहरू

तारा अंकित लेवल आधिकारिक मान्यता प्राप्त चिन्ह हो जसले कम ऊर्जा खपत गर्ने बारेमा निर्दिष्ट मापदण्ड पुरा गरेको हुन्छ ।



नेपालमा प्रयोग भइरहेका केही उपकरणहरूमा ऊर्जा दक्षता सम्बन्धि थाइ लेवल पनि प्रयोग भइरहेका छन् जसमा अंग्रेजी अंक 1 देखि 5 सम्म बरियताक्रम निर्धारण गरिएको हुन्छ । जति बढि अंक उल्लेख छ, त्यतिनै बढि ऊर्जा प्रभावकारी भएको बुझिन्छ । यसमा भारतीय लेवल जस्तै हुवहु मापदण्ड राइस कुकर, पंखा र अन्य साना उपकरणहरूमा पनि देख्न पाइन्छ । सन् १९९४ देखी यो लेवल टास्नु पर्ने नियम थाइल्याण्डले लागू गरेको हो ।

भारतीय ऊर्जा दक्षता व्यूरोले सन् २००६ मा गुणस्तर निर्धारण मापदण्ड र लेवलिङ्ग कार्यक्रम लागू गरेको छ । त्यसमा मान्यता प्राप्त र नेपालमा खपत हुने धैरैजसो टि.भि., फ्रिज आदि उपकरणहरूमा भारतीय ऊर्जा दक्षता व्यूरोको चिन्ह (BEE) प्रयोग भएको पाइन्छ ।





युरोपियन यूनियनका लेवलमा विभिन्न रंगका अंग्रेजी अक्षर A देखि D सम्म प्रयोग भएको पाइन्छ । सबै भन्दा प्रभावकारी उपकरणमा A चिन्ह अंकित हुन्छ । यस्तो चिन्ह घरेलु विद्युत उपकरणमा मात्र नभई मोटरकार र घरहरूमा समेत प्रयोग हुन्छ । ऊर्जा खपतको अलावा यस्ता चिन्हले प्राविधिक र पर्यावरणीय विशेषताको पनि विस्तृत जानकारी दिन्छ ।

## ऊर्जा दक्षता

# स्तरीय जनजीवन । विद्युत खर्चमा पनि कटौती ।

टि.भी, फ्रिज, पानी तान्ने पम्प आदी जस्ता घरेलु विद्युतीय उपकरण चलाउन विद्युत ऊर्जा चाहिन्छ । जति बढि विद्युत खपत हुन्छ त्यतिनै अनुपातमा विद्युत महशुल पनि बढ्दै जान्छ । विद्युत ऊर्जाको दक्ष प्रयोग हुने खालका उपकरण प्रयोग गरेर महशुल रकम घटाउन सकिन्छ । उस्तै कामका लागि प्रयोग हुने यस्ता उपकरणहरूले परम्परागत उपकरणको तुलनामा उल्लेख्य रूपमा कम विद्युत खपत गर्दछन् ।




*माथिको गणना विद्युत लागत ७ रूपैंया ३० पैसा प्रति किलोवाट घण्टाको आधारमा गरिएको हो ।*

परम्परागत उपकरणको तुलनामा यस्ता उपकरणको प्रयोगले लोडसेडिङ्ग घटाउन, वातावरण संरक्षण गर्न र आर्थिक वृद्धिलाइ पनि ठोस मद्दत पुग्दछ ।

**थप जानकारीको लागि सम्पर्क**


**नेपाल ईनर्जी ईफिसियन्सी प्रोग्राम (नीप)**
जीआईजेड, पोष्ट बक्स १४५७, काठमाडौं, नेपाल
टेलिफोन ५५३८१२९, फ्याक्स ५५५१७०६, ईमेल neep@giz.org.np
वेभसाइट www.wecs-neep.gov.np


जल तथा ऊर्जा आयोगको सचिवालय

जर्मन सहयोग
DEUTSCHE ZUSAMMENARBEIT

giz Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH